# प्रस्ताव तथा निर्णयहरु

१. दलित तथा आर्थिक रुपले विपन्न वर्ग, पिछडिएको आदिवासी, जनजाति, महिला, सुकुम्बासी, भूमिहिन लगायतका घरपरिवारहरुलाई सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु तथा सेवाहरु उपलब्ध गराउन सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ समितिबाट स्वीकृत गरी लागू गर्ने र अनुमोदनको लागि आगामि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत स्यार्पु हाइड्रो पावरको लागि विनियोजित बजेट कोरोना भाइरसको कारण लकडाउन घोषणा भई ठेक्का आव्हान हुन नसकि कार्यान्वयन हुने अवस्था नरहेकोले पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्माज्यूको अध्यक्षतामा बसेको बैठकले कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि आठविसकोट नगरपालिका विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी पालिकाहरुको माग र आवश्यकताको आधारमा खर्च लेख्ने भनि निर्णय भएको सन्दर्भमा यस नगरपालिकामा आइसोलेसन तथा क्वारेन्टाइनको लागि निर्माण कार्य सम्पन्न भईसकेका तपसिल बमोजिमका भौतिक संरचना र उपकरण खरिद वापतको रकम भुक्तानीको लागि प्रकोप व्यववस्थापन कोषमा राखिएको उक्त रकम चौरजहारी नगरपालिकाको विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउन माननीय जनार्दन शर्माज्यू र आठविसकोट नगरपालिकालाई लेखि पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन भएको स्थान | प्राविधिक मूल्याङ्कन अनुसार खर्च भएको रकम रु. | हाल माग गरिएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | शितल मावि भवन निर्माण (दुई तलाको भवन आइसोलेसन र क्वारेन्टाइनको लागि) | वडा नं. २ | १,००,००,०००/- | १,००,००,०००/- | |
| २. | चौरजहारी अस्पतालमा आइसोलेसन केन्द्र सञ्चालनको लागि Prefab को भवन निर्माण तथा आवश्यक उपकरण खरिद | वडा नं. १ | १८,४३,२७४/- | १८,४३,२७४/- | |

| क्र.स. | आयोजनाको नाम | आयोजना कार्यान्वयन भएको स्थान | प्राविधिक मूल्याङ्कन अनुसार खर्च भएको रकम रु. | हाल माग गरिएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| ३. | चौरजहारी नगर अस्पतालमा ल्याव स्थापनाको लागि आवश्यक ल्याव सामग्रीहरु खरिद | वडा नं. १० | २०,००,०००/- | २०,००,०००/- | |
| ४. | चौरजहारी अस्पतालको भवन निर्माण (Phase II/First Floor) | वडा नं. १ | ९२,४७,९९४/- | ९२,४७,९९४/- | कर्णाली प्रदेश सरकार समक्ष माग गर्ने । |

३. यस नगरपालिकामा लकडाउनको निर्णयलाई थप कडाईपूर्वक कार्यान्वयन गर्ने तथा गराउने । लकडाउनको निर्णय कडाईपूर्वक कार्यान्वयन गर्न देहाय बमोजिम गर्ने :

(क) संघ तथा प्रदेश सरकारबाट कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि चालिएका कदमहरु, भएका निर्णयहरु र सोही अनुसार स्थानीय तहमा भएका परिपत्रहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

(ख) नगरपालिकाभित्र आन्तरिक सहजिकरणको लागि अत्यावश्यक कार्यको लागि जारी यात्रुवाहक सवारी साधनहरुको सवारी पास रद्द गर्ने । सरकारी कामकाजको लागि खटिनुपर्ने कर्मचारी एवम् स्वास्थ्यकर्मीहरुको हकमा परिचयपत्र र नगरपालिकाबाट जारी सवारी पास भएमा बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म र साँझ ५:०० बजेदेखि ६:०० बजेसम्म कार्यालयमा आउने तथा जाने प्रयोजनार्थ आवतजावत हुने व्यवस्था मिलाउने । अत्यावश्यक र आपतकालिन अवस्थामा परिस्थिति विश्लेषण गरी आवतजावतमा लचकता अपनाउन सकिने ।

(ग) महत्वपूर्ण निर्माण कार्यको लागि निर्माण सामग्री एवम् दैनिक उपभोग्य वस्तु तथा सेवा आपूर्ति तथा ढुवानीको लागि अपरान्ह ४:०० बजेदेखि बिहान १०:०० बजेसम्म नगरपालिकाबाट सवारी पास उपलब्ध गराई निर्माण व्यवसायि तथा उपभोक्ता समितिहरुलाई तोकिएको कार्य र कार्यक्षेत्रमा कामकाज गर्ने व्यवस्था मिलाउने ।

(घ) नरपालिकाका सिमा नाकाहरुमा थप कडाई गर्ने । अव उप्रान्त जिल्ला बाहिरबाट आउने व्यक्तिहरुलाई प्रवेशस्थलबाटै क्वारेन्टाइनमा राखि पिसिआर परिक्षण पश्चातमात्र घरमा पठाउने व्यवस्था मिलाउने ।

(ङ) दैनिक उपभोग्य वस्तु तथा सेवा विक्रि वितरण गर्ने पसलहरु बाहेकका सबै पसलहरु पूर्ण रुपमा बन्द गराउने । दैनिक उपभोग्य वस्तु तथा सेवा विक्रि वितरण गर्ने पसलहरुले कम्बो प्याकेज बनाएरमात्र वस्तु तथा सेवाको विक्रिवितरण हुने व्यवस्था मिलाउने । दैनिक उपभोग्य वस्तु तथा सेवा विक्रि वितरण गर्ने पसलहरुले समेत ग्राहक आएको खण्डमामात्र पसल खोली अन्य अवस्थामा बन्द हुने व्यवस्था गर्ने ।

(च) यस नगरपालिकाका भारत लगायतका देशमा रहेका व्यक्तिहरुको पहिचान गरी विस्तृत विवरण तयार पारी पेश गर्न सम्बन्धित वडा कार्यालय र वडास्तरिय एवम् नगरस्तरिय स्वयंसेवक टोलीहरुलाई पत्राचार गर्ने । ती व्यक्तिहरुलाई उद्दार गरी क्वारेन्टाइनमा राख्न वडा कार्यालय एवम् स्वयंसेवकहरुले ती व्यक्तिहरुका घरपरिवारसँग आवश्यक परामर्श गर्ने । विदेशबाट आएका व्यक्तिहरुको अनिवार्य रुपमा आरडिटि र पिसिआर परीक्षणको व्यवस्था गर्नको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने ।

(छ) बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको निर्देशन र परिपत्र अनुसारमात्र कारोवार सञ्चालन हुने व्यवस्था मिलाउने । कारोवार गर्दा भीडभाड नहुने, निश्चित सामाजिक दूरी कायम हुने व्यवस्था गर्ने । बैंकहरुमा सेवाग्राहीको भीडभाड भई कोरोना भाइरसको सङ्क्रमणको जोखिम बढिरहेको सन्दर्भमा हरेक हप्ताको आइतबारदेखि शुक्रबारसम्म बिहान ठीक ११:०० बजेदेखि दिउँसो १:०० बजेसम्ममात्र बैंक खुला हुने व्यवस्था मिलाउन नगरपालिकामा कार्यक्षेत्र भएका सबै बैंक तथा वित्तीय संस्थाहरुलाई लेखि पठाउने । बैंकहरुमा भीडभाड नियन्त्रण गर्न, सामाजिक दूरी कायम गराउन एवम् कारोवार गर्दा सुरक्षाका विधिहरु अवलम्बन गर्न तथा गराउन स्वयंसेवक टोली र सुरक्षा निकायलाई लेखि पठाउने ।